# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल/अनामनगर, काठमाडौं, नेपाल

Babar Mahal/Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र सङ्ख्या: २०८०।८१ मिति: २०८०।१०।२२

च.नं. : ४६०

## प्रेस विज्ञप्ती




अन्तराष्ट्रिय मुद्राकोष, मुख्यालयबाट आउनु भएको मिशन प्रमुख MR. TIDIANE KINDA, आवाशिय प्रतिनिधि टेरेशा डेवुन लगायतको प्रतिनिधि मण्डलले कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यू समक्ष शिष्ट्राचार भेट सम्पन्न भयो। उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री विन्दु विष्ट र श्री पदमराज पौडेल, नायव महालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारी, श्री चन्द्रकान्त भण्डारी र श्री श्यामप्रसाद भण्डारी निर्देशकहरु श्री दुर्गा वहादुर बस्नेत, श्री लोकनाथ घिमिरे, रमेश सुवेदी, रचना प्रधान, सर्वदा पण्डित लगायत अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल सरकारले अन्तराष्ट्रिय मुद्राकोषसँगको EXTENDED CREDIT FACILITY ARRANGEMENT, नेपाल राष्ट्र बैंकको अन्तिम लेखापरीक्षण लगायतको विषयमा छलफल भएको थियो। उपमहालेखापरीक्षक श्री पदमराज पौडेले नेपाल राष्ट्र बैंक लगायतको सार्वजनिक संस्थानको लेखापरीक्षण प्रकृयाका बारेमा जानकारी गराउनु भएको, अन्तराष्ट्रिय मुद्राकोष, मुख्यालयबाट आउनु भएको मिशन प्रमुख MR. TIDIANE KINDA ले कर्जा सुविधाको समझदारी पत्रमा भएको व्यवस्थाको बारेमा जानकारी गराउनु भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले नेपालको आर्थिक विकासमा कोषको भूमिका र आगमी दिनमा महालेखापरीक्षकको कार्यालय र कोषको सहकार्यबाट कार्यालयको कर्मचारीहरूको क्षमता विकासको कार्यक्रम सम्बन्धमा विचार व्यक्त गर्दै नेपालको प्रचलित कानून बमोजिम समन्वय र सहकार्य गरिने विषयमा धारणा राख्नु भएको थियो ।

रमेश सुवेदी

(निर्देशक/सहायक प्रवक्ता)